# नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
Nepal Federation of Indigenous Nationalities (NEFIN)
Secretariat of Federal Council

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np


## नेपाल आदिवासी जनजाति महासंघका सम्पूर्ण सदस्य तथा सम्बन्धन संगठनहरुमा हार्दिक अपिल

**श्री अध्यक्ष ज्यूहरु**
**५६ सदस्य संगठनहरु**
**११ सम्बन्धन संगठनहरु**
**७१ जिल्ला समन्वय परिषदहरु**
**२४ प्रवासी आदिवासी जनजाति महासंघहरु**
**४२ नगर समन्वय परिषदहरु**
**२५०० भन्दा बढी गाँउ समन्वय परिषदहरु**

**आदिवासी जनजाति अभिवादन,**

मुलुक यतिबेला संविधान निर्माण प्रक्रियामा अगाडि बढिरहेको छ । तर यति नै बेला मुलुकमा जताततै अन्यौल र अनिश्चितता व्याप्त छ भने संघीयता, निर्वाचन प्रणाली आदिबारे केही राजनैतिक दलहरु विगतको सहमतिबाट पछि हट्न खोजिरहेका छन् । त्यसै गरी गणतन्त्र, जातीय पहिचान सहितको संघीयता एवं धर्म निरपेक्षता विरोधी तत्वहरु पनि सलबलाइरहेका छन् । अन्तरिम संविधानको मर्म अनुसार यी तमाम विचार र गतिविधिहरुलाई सश्लेशिषत गरी हेर्दा सबै क्षेत्रमा उत्पीडित, शोषण दमन, अन्याय, थिचोमिचो, विभेद, बहिष्करणमा पारेका र पारिएका आदिवासी जनजातिहरुको पहिचान तथा हक अधिकार सुनिश्चित भएको संविधान नबन्ने खतरा बढेको छ । त्यसैले आदिवासी जनजातिहरुको पहिचान तथा हक अधिकार सुनिश्चित भएको संविधान निर्माण गर्न सशक्त आन्दोलनको बिकल्प छैन । सार्वभौमिकता र राष्ट्रिय स्वाधिनताको रक्षा, जातीय पहिचान सहितको संघीय सविधान, गणतन्त्र, लोकतन्त्र र धर्मनिरपेक्षता, आत्म निर्णयको अधिकार, अग्राधिकार, जातीय स्वशासन र स्वायत्तता सहितको प्रदेश, विशेष स्वायत्त क्षेत्र तथा संरक्षित क्षेत्र, पूर्ण समानुपातिक निर्वाचन प्रणाली र राज्यका सबै अंग र तहहरुमा जाति, समुदाय तथा लैगिक जनसंख्याको आधारमा समाबेशी तथा समानुपातिक प्रतिनिधित्व र श्रोत माथिको पहुँच र नियन्त्रण सुनिश्चित गराउन नेपाल आदिवासी जनजाति महासंघ लागि परेको सबैमा अवगत नै छ र निरन्तर लागिरहनेछ ।

अन्तरिम संविधानको मर्म अनुसार पहिलो संविधान सभामा भएका सहमतिका सम्पूर्ण मुद्दाहरु दोस्रो संविधानसभाले स्वामित्व ग्रहण गर्ने भन्ने सहमतिबाट पछि हटि प्रमुख राजनैतिक दलहरु राज्यपूनर्संरचनाको खाका तयार गरिरहँदा संख्या तथा अधिकार कटौती गरी पहिचान विहीन सात प्रदेश र एक मधेस एक प्रदेश जस्ता मुद्दा आदिवासी जनजातिहरुका लागि स्वीकार्य हुन सक्दैन । विगतमा नेपाल सरकार र नेपाल आदिवासी जनजाति महासंघ लगायत विभिन्न आदिवासी जनजाति सरोकारवालाहरुसँग गरिएका सहमति र सम्झौताहरुबाट यो संविधान सभा तथा प्रमुख राजनैतिक दलहरु पछाडि हट्न सक्ने छैनन् । यदि हट्ने प्रयत्न गरेको खण्डमा विगतको आदिवासी जनजातिहरुको आन्दोलनको राज्यलाई स्मरण गराउँदै नेपाल आदिवासी जनजाति महासंघको नेतृत्वमा देशव्यापी रुपमा सशक्त आन्दोलन गर्नका लागि नेपाल आदिवासी जनजाति महासंघ, सम्पूर्ण आदिवासी जनजातिका जातीय संघ संगठन, सम्बन्धन संगठनहरु, महासंघको प्रवासी आदिवासी जनजाति संगठनहरु, जिल्ला, नगर तथा गाउँ समन्वय परिषदहरु, तथा सम्पुर्ण आदिवासी जनजाति सरोकारवाला संघ संगठनहरुलाई निर्णायक आन्दोलनको लागि आह्वान गर्दछौं ।

आन्दोलनका घोषित प्रतिवद्धता र लक्ष्य प्राप्तिका लागि संघर्षका विभिन्न रुपहरु अबलम्बन गरिने छ । जसअनुसार आदिवासी जनजातिले उठाएका जातीय पहिचान र अधिकार सम्बन्धि मुद्दाहरु बारे सचेत बनाउनका लागि देशव्यापी रुपमा प्रादेशिक भेलाहरुको आयोजना गर्ने, खबरदारी सभा गर्ने, संविधान सभा भित्र र बाहिर रहेका राजनैतिक दल तथा सरोकारवाला संघसंस्थाहरुसँग समन्वय गर्ने तथा कार्यगत एकता गरी आदिवासी जनजातिहरुसँग पटकपटक गरिएका सहमति र सम्झौताहरु तथा नेपाल सरकार पक्ष राष्ट्र भएर अनुमोदन गरेका सन्धि महासन्धिहरु

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np


कार्यान्वयन गरेरमात्र संविधान जारी गर्नको लागि दबाबमुलक आन्दोलनका कार्यक्रमहरु सञ्चालन गरिरहेको र गरिरहनेछ ।

नेपालमा रहेका उत्पिडित जाति तथा समुदायहरुको संगठनहरुमध्ये नेपाल आदिवासी जनजाति महासंघ मात्र यस्तो संगठन हो । जसको स्थापनाकाल देखि आजसम्म सबै आदिवासी जनजातिहरुको साझा संगठन तथा घर बन्न सफल भईरहेको छ । यसको प्रमुख कारण भनेको साझा संगठनहरुको छाता संगठन तथा विधान हो । अधिकार स्थापित गराउन गरिने हरेक आन्दोलनमा महासंघको नेतृत्वदायी भुमिका रहेको र यसलाई निरन्तरता दिन आजको आवश्यकता झन् टट्कारो रुपमा देखा परेको छ । किन कि सामाजिक संगठनहरुले गर्ने सामाजिक तथा राजनितिक आन्दोलन विशुद्ध सामाजिक हितमा केन्द्रीत हुन्छ । नेपाल आदिवासी जनजाति महासंघले गरेको विभिन्न चरणको बैठक तथा भेला (**बुटवालको जि.स.प. हरुको राष्ट्रिय भेला र काठमाण्डौमा जातीय संस्थाको बृहत भेला**) को निर्णय तथा निष्कर्ष अनुसार निश्चित पार्टी, दीर्घकालिन संघ संगठन विनाको तथा सम्बन्धित जाति-समुदायहरुको साझा संगठनको स्वामित्व विना गरिने आन्दोलनमा सबैको सहभागिता नहुने, आन्दोलन स्थीर रुपमा अगाडि नबढ्ने तथा स्वामित्व नहुने आन्दोलनलाई निर्णयक बनाउन सकिदैन । नेपाल आदिवासी जनजाति महासंघले गर्ने आन्दोलनको कार्यक्रमको प्रत्येक तहमा सम्बन्धित जाति/समुदायको साझा संगठनहरुको नेतृत्वमा गर्ने निर्णय गरेको छ

**यही सत्यतालाई मध्ये नजर गर्दै** नेपाल आदिवासी जनजाति महासंघ संघीय सचिवालयले सदस्य संगठनहरुसँग विभिन्न चरणको बैठक, भेला (**बुटवालको जि.स.प. हरुको राष्ट्रिय भेला र काठमाण्डौमा जातीय संस्थाको बृहत भेला**) हरुले व्यापक छलफल गरी **नेपाल आदिवासी जनजाति महासंघकै नेतृत्वमा** अन्य आदिवासी जनजाति सरोकारहरुलाई आव्हान गर्दै देश व्यापी रुपमा बृहत र निणार्यक आन्दोलन गर्ने निर्णय गरेको छ । आन्दोलनको कार्यक्रमका दौरनमा मुद्दा मिल्ने आदिवासी जनजाति सरोकारवालाहरुसँग सहकार्य तथा समन्वय गरी अगाडि बढाईनेछ । यसैले नेपाल आदिवासी जनजाति महासंघका ५६ वाटै सदस्य संगठनहरु, ११ वाटै सम्बन्धन संगठनहरु, ७१ वाटै जिल्ल समन्वय परिषदहरु, २४ वाटै प्रवासी आदिवासी जनजाति महासंघहरु, ४२ वटै नगर समन्वय परिषदहरु, २५०० भन्दा बढी गाँउ समन्वय परिषदहरु, महासंघका पूर्व नेतृत्व तथा पदाधिकारीहरु, आदिवासी जनजाति अगुवाहरुलाई नेपाल आदिवासी जनजाति महासंघ अर्न्तगतको विभिन्न संगठनहरु (केन्द्र, प्रादेशिक, जिल्ला, प्रवासी सगठनहरु) द्धारा घोषित आन्दोलनका कार्यक्रमहरुमा सशक्त सहभागीताका लागि हार्दिक आव्हान गरिन्छ ।

## सदस्य संगठनहरुको बृहत बैठकद्धारा पारित आन्दोलनका कार्यक्रमहरु

### प्रादेशिक खबरदारी सभाहरु

| मिति | कार्यक्रम | स्थान | आयोजक | समेटिन क्षेत्र |
|---|---|---|---|---|
| | प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | था.क.स.को नेतृत्वमा थरुहट प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | थरुहट प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |
| | प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | नेपाल मगर संघको नेतृत्वमा मगरात प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | मगरात प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |
| | प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | तमू ह्यूल छोँज धिँ (गुरुङ राष्ट्रिय परिषद)को नेतृत्वमा तमूवान प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | तमूवान प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np


| | | | | |
|---|---|---|---|---|
| | प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | नेवाः देय दबूको नेतृत्वमा नेवा प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | नेवाः प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |
| | प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | नेपाल तामाङ घेदुङको नेतृत्वमा तामाङसालिङ प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | तामाङसालिङ प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |
| | प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | सुनुवार सेवा समाजको नेतृत्वमा वल्लो किरात प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | वल्लो किरात प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |
| | प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | किरात राई यायोक्खाको नेतृत्वमा किरात प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | किरात प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |
| | प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | नेपाल शेर्पा संघको नेतृत्वमा शेर्पा प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | शेर्पा प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |
| | प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | किरात याक्थुङ थुम्लुङको नेतृत्वमा लिम्बुवान प्रदेशमा रहेका अन्य जातीय संस्थाहरु, सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | लिम्बुवान प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |
| | प्रादेशिक खबरदारी सभा | बैठकले तोक्ने..... | कोचिला प्रदेशमा रहेका जातीय संस्थाहरुको नेतृत्वमा त्यस प्रदेशमा रहेका सम्बन्धन संगठनहरु तथा NEFIN DCC हरु | कोचिला प्रदेशमा पर्ने सम्पूर्ण जिल्लाहरु |

**नोट : मिति र स्थान सम्बन्धित क्षेत्रहरुमा आपसी समन्वयमा निर्धारण गरिनेछ।**

**पौष २० सम्म खबरदारी सभा गरिसक्ने र त्यस पछि काठमाडौं केन्द्रित आन्दोलन हुनेछ।**

**यी आन्दोलनका प्रस्तावित कार्यक्रमहरु सफल पार्नका लागि जातीय संस्था तथा सरोकारवालाहरुले तत्काल गर्नुपर्ने कार्य तथा जिम्मेवारीहरुः**

१) जातीय संस्थाहरुले आफ्नो मातहतका जिल्ला, नगर तथा गाउँ संगठनहरुलाई आन्दोलनको कार्यक्रमहरु बारे सर्कुलर गर्ने ।

२) हरेक प्रस्तावित प्रदेशहरुमा सम्बन्धित जातीय संस्थाको नेतृत्वमा अन्य जातीय संगठनहरु, सम्बन्धन संगठनहरु, आदिवासी जनजाति अगुवा तथा अन्य आदिवासी जनजाति सरोकारवाला, संघसंस्था सम्मिलित आन्दाेलनको खाका तयावर गर्ने ।

३) प्रत्येक जिल्ला समन्वय परिषदहरु, जातीय संस्थाका जिल्ला संगठनहरु, अन्य जातीय संस्थाका केन्द्रीय संगठनहरु सम्मिलित सबै जिल्ला सदरमुकामहरुमा खबरदारी सभा गर्ने ।

४) आ-आफ्नो समुदायका सभासदहरुलाई आदिवासी जनजातिको मुद्दा तथा पहिचान सहितको संघीयताको बारेमा अन्तरक्रिया तथा वकालत गर्न लगाउने ।

५) स्वायत्त क्षेत्र तथा विशेष संरक्षित क्षेत्र प्राप्तिका लागि सम्बन्धित जातीय संस्थाको नेतृत्वमा स्वायत्त क्षेत्रभित्र रहेका अन्य जातीय संस्था, सम्बन्धन संगठनहरु तथा अन्य सरोकारवाला आदिवासी जनजाति संगठनका जिल्ला, नगर र गाउँ कमिटिहरु मिलेर सशक्त आन्दोलन गर्ने ।

नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
Nepal Federation of Indigenous Nationalities (NEFIN)
Secretariat of Federal Council

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np

# बुटवलमा भएको जि.स.प.हरुको राष्ट्रिय भेलाद्धारा पारित आन्दोलनका कार्यक्रमहरु

| मिति | कार्यक्रम | स्थान | आयोजक | समेटिन क्षेत्र |
|---|---|---|---|---|
| | विशेष भेला | ............ | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, सुर्खेत, सल्यान, दैलेख र दाङ |
| | विशेष भेला | ......... | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | कपिलबस्तु, पाल्पा, रुपन्देही, नवलपरासी, प्युठान, म्याग्दी, बागलुङ, गुल्मी, अर्घाखाची |
| | विशेष भेला | ......... | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | कास्की, पर्वत, तनहुँ, स्याङ्जा, गोरखा, लमजुङ, मुस्ताङ, मनाङ |
| | विशेष भेला | ......... | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | चितवन, मकवानपुर, पर्सा, बारा, रौतहट |
| | विशेष भेला | ......... | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | सर्लाही, महोत्तरी, सिराह, सप्तरी, धनुषा, सिन्धुली |
| | विशेष भेला | ......... | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | धनकुटा, भोजपुर, संखुवासभा, तेह्रथुम, |
| | | | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | सुनसरी, मोरङ, झापा |
| | विशेष भेला | ......... | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | इलाम, पाँचथर, ताप्लेजुङ |
| | विशेष भेला | ......... | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | काठमाडौं, भक्तपुर, ललितपुर, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, नुवाकोट र धादिङ, रसुवा |
| | विशेष भेला | ........... | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला | सोलु, खोटाङ, ओखलढुंगा, उदयपुर |

# नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
Nepal Federation of Indigenous Nationalities (NEFIN)
Secretariat of Federal Council

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np


| | | | | |
|---|---|---|---|---|
| | | | संघ/संस्थाहरु | |

**प्रादेशिक खबरदारीसभाहरुः**

| मिति | कार्यक्रम | स्थान | आयोजक | समेटिन क्षेत्र |
|---|---|---|---|---|
| ......... | खबरदारी सभा | ............ | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, सुर्खेत, सल्यान, दैलेख र दाङ |
| ......... | खबरदारी सभा | ......... | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | कपिलबस्तु, पाल्पा, रुपन्देही, नवलपरासी, प्युठान, म्याग्दी, बागलुङ, गुल्मी, अर्घाखाची |
| ......... | खबरदारी सभा | ......... | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | कास्की, पर्वत, तनहुँ, स्याङ्जा, गोरखा, लमजुङ, मुस्ताङ, मनाङ |
| ......... | खबरदारी सभा | ......... | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | चितवन, मकवानपुर, पर्सा, बारा, रौतहट |
| ......... | खबरदारी सभा | ......... | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | सर्लाही, महोत्तरी, सिराह, सप्तरी, धनुषा, सिन्धुली |
| ......... | खबरदारी सभा | ......... | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | धनकुटा, भोजपुर, संखुवासभा, तेह्रथुम, |
| ......... | खबरदारी सभा | | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | सुनसरी, मोरङ, झापा |
| ......... | खबरदारी सभा | ......... | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | इलाम, पाँचथर, ताप्लेजुङ |
| ......... | खबरदारी सभा | ......... | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | काठमाडौं, भक्तपुर, ललितपुर, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, नुवाकोट र धादिङ, रसुवा |
| ......... | खबरदारी सभा | ........... | NEFIN DCC, घटक सदस्य संगठन, सम्बन्धन संगठन र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु | सोलु, खोटाङ, ओखलढुंगा, उदयपुर |

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np


**नोट : मिति र स्थान सम्बन्धित क्षेत्रहरुमा आपसी समन्वयमा निर्धारण गरिनेछ ।**

**पौष २० सम्म खबरदारी सभा गरिसक्ने र त्यस पछि काठमाडौं केन्द्रित आन्दोलन हुनेछ ।**

**यी आन्दोलनका प्रस्तावित कार्यक्रमहरु सफल पार्नका लागि जिल्ला समन्वय परिषदहरुले तत्काल गर्नुपर्ने कार्य तथा जिम्मेवारीहरु:**

१) जिल्ला समन्वय परिषदहरुले नगर तथा गाउँ समन्वय परिषदहरु गठन गर्ने र अधिवेशन गर्न बाँकी भएकाहरुको तुरुन्त अधिवेशन गराउन पहल गर्ने ।

२) हरेक जिल्लामा नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषदको नेतृत्वमा घटक सदस्य संगठन, सम्बन्धन संगठन, पूर्व पदाधिकारी र अन्य आदिवासी जनजाति सरोकारवाला संघ/संस्थाहरु सम्मिलित संयूक्त संघर्ष समिति गठन गर्ने ।

३) जिल्ला विकास समिति, नगरपालिका तथा गा.वि.स.को लक्षित वर्गको लागि छुट्याइएको बजेटमा पूर्ण दावी गरी आदिवासी जनजातिको लागि बजेट विनियोजन गराउन लगाउने ।

४) प्रत्येक जिल्ला समन्वय परिषदहरुले जिल्ला सदरमुकाममा खबरदारी सभा गर्ने ।

५) आ-आफ्नो जिल्लामा भएका सभासदहरुलाई आदिवासी जनजातिको मुद्दा तथा पहिचान सहितको संघीयताको बारेमा अन्तरक्रिया गर्ने ।

## प्रवासी आदिवासी जनजाति महासंघहरुले गर्नु पर्ने आन्दोलनको कार्यक्रमहरु:

१) सम्बन्धित देशको नेपाली दुतवास मार्फत आदिवासी जनजातिहरुले उठाउदै आएको मुद्दाहरु बारे ज्ञापनपत्र तथा ध्यानआकर्षण पत्र बुझाउने ।

२) नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषद सचिवालयले विदेशमा रहेका आदिवासी जनजाति महासंघहरुलाई व्यवस्थित र बैधानिक रुपले संचालन गर्न प्रवासी संगठनहरुको लागि निमावली बनाईरहेकाले आवश्यक सुझावहरु तत्काल पठाउनु पर्ने ।

३) प्रवासी आदिवासी जनजाति महासंघहरुले आन्दोलन तथा अन्य कार्यक्रमहरु गर्दा संघीय परिषद सचिवालयसँग समन्वय गरी एकद्धार प्रणाली अपनाउनु पर्ने ।

४) आन्दोलनका अन्य कार्यक्रमहरु गर्दा नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषद सचिवालयसँग समन्वय तथा परामर्श गरी गर्ने ।

५) सम्बन्धित देशमा रहेका नेपाली आदिवासी जनजातिहरुलाई गोलबन्द गरी नेपालमा भईरहेको आदिवासी जनजाति आन्दोलनका कार्यक्रम तथा गतिविधीहरुबारे जानकारी गराउन सम्बन्धित देशहरुमा अन्तक्रियात्मक गोष्टी तथा बैठकहरु संचालन गर्ने ।

पेम्बा गरुङ भोटे
महासचिव

नगेन्द्र कुमार कुमाल
अध्यक्ष

नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
Nepal Federation of Indigenous Nationalities (NEFIN)
Secretariat of Federal Council

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np

# नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषद सचिवालयले गरेका केही महत्वपूर्ण गतिविधिहरु :

क) २०७१ मंसिर ४ गते काठमाडौंमा संविधानसभाबाटै समयमै जातीय पहिचान सहितको संघीय संविधान जारी गराउन वृहत खबरदारी सभा ।

ख) भाद्र ३१, असोज १, २ र ३ गते ४ दिनसम्म संविधान सभा भवन बानेश्वर अगाडि वृहत धर्ना कार्यक्रम ।

ग) ०७१ जेठमा नेपाल आदिवासी जनजाति महासंघको आह्वानमा संविधान सभा भवन बानेश्वर घेराउ ।

घ) २०७० चैत्र देखि ०७१ असोजसम्म १० पटक आदिवासी तथा गैर आदिवासी सभासदहरु र राजनैतिक दलका मुख्य नेताहरुसँग आदिवासी जनजातिका मुद्दा तथा राज्य पक्षले आदिवासी जनजातिहरुसँग गरेका सहमति तथा सम्झौता कार्यान्वयन र पहिचान सहितको संघीय संविधान लगायत राज्य पुनर्संरचना गर्दा जातीय पहिचानलाई मूख्य आधार बनाइनु पर्ने, शासकीय स्वरुपमा समाबेशी बनाइनुपर्ने, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, न्यायप्रणाली अन्तर्गत छुटटै संवैधानिक अदालत हुनुपर्ने लगायत राज्यका हरेक अंगमा समानुपातिक र समावेशी नीतिलाई नयाँ संविधानमा लिपिबद्ध गराउनका लागि व्यापक छलफल चलाई उक्त छलफलबाट निकालिएको निचोडलाई संवैधानिक, राजनैतिक संवाद तथा सहमति समितिका सभापति लगायत मूख्य राजनैतिक दलका शीर्ष नेता समक्ष पेश गरिएको ।

च) आदिवासी जनजातिको अधिकार र जातीय पहिचान सहितको संघीय संविधान लगायत आदिवासी जनजातिको मुद्दाका विषयमा किराँत याक्थुङ चुम्लुङ ललितपुरमा राजनैतिक दलका शीर्ष नेताहरुसँग वृहत अन्तरक्रिया कार्यक्रम ।

छ) २०७१ श्रावणमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ललितपुरमा महासंघको सदस्य संगठन तथा सम्बन्धन संगठनहरुसँग आदिवासी जनजातिको अधिकार र जातीय पहिचान सहितको संघीयताको विषयमा वृहत छलफल कार्यक्रम ।

ज) २०७१ श्रावणमा काठमाडौंमा आदिवासी जनजाति सभासद तथा गैर आदिवासी जनजाति सभासदहरुसँग आदिवासी जनजातिको अधिकार र जातीय पहिचान सहितको संघीयताको विषयमा वृहत अन्तरक्रिया कार्यक्रम ।

झ) नेपाल आदिवासी जनजाति महासंघको आह्वानमा संवैधानिक, राजनैतिक संवाद तथा सहमति समितिको बैठक बस्न लगाएर राजनैतिक दलका शीर्ष नेताहरु सहितको उपस्थितिमा विगतमा नेपाल सरकार र नेपाल आदिवासी जनजाति महासंघ लगायत विभिन्न आदिवासी जनजाति सरोकारवालाहरुसँग गरिएका सहमति र सम्झौताहरु, नेपाल पक्ष राष्ट्र भएर अनुमोदन गरिएका सन्धि तथा महासन्धिको आधारमा मात्र संविधान जारी गर्नु पर्ने अन्यथा भएमा उक्त संविधानलाई आदिवासी जनजातिहरुले अपनत्व ग्रहण नगर्ने भनी खबरदारी गरेको ।

ञ) नेपाल आदिवासी जनजाति महासंघले उठान गर्दै आएका आदिवासी जनजातिका मुद्दाहरुबारे सबै जिल्ला समन्वय परिषदहरुले सम्बन्धित जिल्लामा राजनैतिक दलका नेता तथा सभादसहरुलाई जानकारी तथा खबरदारी गर्ने उद्देश्यले अन्तरक्रिया गर्न सर्कुलर गरेको ।

ट) संवैधानिक, राजनैतिक संवाद तथा सहमति समितिको बैठक काठमाडौंको गोकर्ण रिसोर्टमा भएको बेला महासंघको नेतृत्वमा दबाबको लागि धर्ना गरेको ।

ठ) २०७१ पौष २ गते सदस्य संगठनहरुको बृहत बैठक, काठमाण्डौ ।

ड) २०७१ मंसीर १७ र १८ गते नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषदहरुको राष्ट्रिय भेला बुटवल ।

धन्यवाद ।